# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित


| खण्ड : ९ | सङ्ख्या : १७ | मिति : २०८२/१०/०२ |
|---|---|---|


## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०८२/१०/०२

## हतुवागढी गाउँपालिकाको विनियोजन ऐन संसोधन, २०८२

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने कार्यमा आवश्यक संसोधनको सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन संसोधन विद्येयक, २०८२

**प्रस्तावना**

हतुवागढी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजनलाई संसोधन तथा रकमान्तर गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हतुवागढी गाउँसभाले यो विधयेक बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

१)यस ऐनको नाम "हतुवागढी गाउँपालिका विनियोजन ऐन संसोधन, २०८२" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

क. "गाउँसभा" भन्नाले हतुवागढी गाउँपालिकाको सभालाई संझनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले हतुवागढी कार्यपालिकालाई संझनु पर्दछ ।

ग. "वडा समिति" भन्नाले हतुवागढी गाउँपालिकाको वडा समिति संझनु पर्दछ ।

घ. "विषयगत शाखा" भन्नाले हतुवागढी गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संझनु पर्दछ ।

ङ. "संचित कोष" भन्नाले हतुवगढी गाउँपालिकाको संचित कोषलाई संझनु पर्दछ ।

३. विनियोजित बजेटको सिमा भित्र रही संलग्न अनूसूची बमोजिम आवश्यक संसोधन शिर्षकान्तर, रकमान्तर ,हेरफेर एवं थप गरिएको छ ।

आज्ञाले:

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

हतुवागढी राजपत्र